लक्ष्मी सन्राइज बैंक लिमिटेडको
पच्चिसौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस लक्ष्मी सन्राइज बैंक लि. का सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूको सभाध्यक्षतामा बैंकको पच्चिसौं वार्षिक साधारणसभा मिति २०८२ पौष १४ गते (तद्नुसार डिसेम्बर २९, २०२५) सोमबार बिहान ११:०० बजे देखि दिनको २:३० बजे सम्म अग्रवाल भवन, कमलपोखरी, काठमाडौंमा सम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको बैधानिकता र सभाध्यक्षता, सभा संचालन तथा प्रतिबेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तब्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन् :

१. उपस्थितिः

(क) **सञ्चालकहरुको उपस्थितिः**

१)	श्री रमण नेपाल	अध्यक्ष
२)	श्री दिनेश पौड्याल	सञ्चालक
३)	श्री मनोज कुमार भट्टराई	सञ्चालक
४)	श्री स्वाती रुंगटा अग्रवाल	सञ्चालक
५)	श्री विद्या बस्न्यात	सञ्चालक

(ख) **अन्य पदाधिकारीहरुको उपस्थितिः**

१)	श्री अजय विक्रम शाह	प्रमुख कार्यकारी अधिकृत
२)	श्री सुमेद भट्टराई	वरिष्ठ उप प्रमुख कार्यकारी अधिकृत/ प्रमुख कर्जा अधिकृत
३)	श्री आरती राज्यलक्ष्मी राणा	प्रमुख व्यवसाय अधिकृत
४)	श्री अमित सिंह कार्की	प्रमुख कर्जा सेवा अधिकृत
५)	श्री अपछ कुमार यादव	प्रमुख जोखिम अधिकृत
६)	श्री भारती पाण्डे	प्रमुख मार्केटिङ्ग अधिकृत
७)	श्री दिपेश अमात्य	प्रमुख व्यवसाय अधिकृत
८)	श्री जीवन प्रकाश लिम्बु	प्रमुख प्रविधि अधिकृत
९)	श्री मनिष राज कुँवर	प्रमुख व्यवसाय अधिकृत
१०)	श्री मनोहर राज उप्रेती	प्रमुख सञ्चालन अधिकृत
११)	श्री पियूष राज अर्याल	कम्पनी सचिव/प्रमुख वित्तीय अधिकृत
१२)	श्री राजिव सापकोटा	प्रमुख व्यवसाय अधिकृत

(ग) **सम्बन्धित निकायका प्रतिनिधीहरुको उपस्थिती :**

१)	श्री दुर्गा प्रसाद ज्ञवाली	वाह्य लेखापरीक्षक
२)	श्री दिबस राई	प्रतिनिधि - कम्पनी रजिष्ट्रारको कार्यालय
३)	श्री रञ्जु कुमारी सिंह	प्रतिनिधि - सिडिएस एण्ड क्लियरिंग लिमिटेड

(घ) **शेयरधनीहरुको उपस्थितिः**

१)	उपस्थित शेयरधनीहरुको संख्याः	११९८	जना
	(क) शेयरधनी स्वयंबाट	११६७	जना
	(ख) प्रतिनिधि (प्रोक्सी) बाट	३१	जना
२)	शेयरको प्रतिनिधित्व संख्या	१४,५४,०७,६२४	कित्ता
३)	शेयर संख्याको प्रतिनिधित्व प्रतिशत	५९.७२	प्रतिशत

(ङ) यो सभाको मिति सम्ममा कायम रहेका १,६५,०५७ जना शेयरधनीहरु सभामा सहभागि हुन र मतदान गर्न योग्य थिए ।

२. छलफलका बिषयहरुः

(क) सामान्य प्रस्ताव

(१) पच्चिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने ।

(३) बैंकको लेखापरीक्षण समितिको सिफारिश वमोजिम आ. व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.५३ प्रतिशतका दरले रु १२,८१,३९,५३८.०० (अक्षरेपि रु. बाह्र करोड एकासी लाख उनान्चालीस हजार पाँच सय अठ्तीस मात्र) बराबर नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने ।

(ख) विशेष प्रस्ताव

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले रु २,४३,४६,५१,२२३.०० (अक्षरेपि रु. दुई अर्ब त्रिचालीस करोड छयालीस लाख एकाउन्न हजार दुई सय तेइस मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने ।

(३) बैंकको सञ्चालक समितिको संरचना हेरफेर गर्ने ।

(४) बुँदा नं. (१), (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संसोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने ।

(ग) विविध

३. सूचना प्रकाशन :

सञ्चालक समितिको मिति २०८२ साल मंसिर १७ गते बुधबार तदनुसार ३ डिसेम्बर २०२५ मा बसेको ३१६औं बैठकको निर्णय अनुसार तथा कम्पनी कानूनमा भएको व्यवस्था बमोजिम यस लक्ष्मी सन्राइज बैंकको पच्चिसौं वार्षिक साधारण सभा मिति २०८२ पौष १४ गते सोबार तदनुसार डिसेम्बर २९, २०२५ मा वस्ने सूचना तथा बैंकको पच्चिसौं बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको

थियो र मिति २०८२ मंसिर १८ गतेको राजधानी दैनिक, २०८२ मंसिर २८ गतेको आर्थिक दैनिक र २०८२ पौष ११ गतेको कारोबार दैनिकमा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो साथै बैंकको website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. गणपुरक संख्याः

विवरण	कुल संख्या	स्वयं उपस्थित	प्रतिनिधी मार्फत (प्रोक्सी)	जम्मा उपस्थिति	प्रतिनिधित्व प्रतिशत
शेयरधनी संख्या	१,६५,०५७	१,१६७	३१	१,१९८	०.७३ %
शेयर संख्या	२४,३४,६५,१२२.३५	७,५८,१५,०९४	६९,५९,२२,५२९	१४,५४,०७,६२४	५९.७२ %

५. सभाको बैधानिकता तथा सभाध्यक्षता :

सभाको सुरुवात गर्दै कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री रमण नेपालज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नुभयो । त्यसपश्चात सभाध्यक्षको अनुमति लिई साधारण सभा अगाडी बढाउँदै उपस्थित शेयरधनी महानुभावहरुलाई बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम ५ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो ।

६. सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुतिः

सभाको छलफलका विषयमा प्रवेश गर्दै कम्पनी सचिवले समान्य प्रस्ताव (१) बमोजिम पच्चिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदनको सारांश प्रस्तुत गर्नुहुन सभाध्यक्षलाई अनुरोध गर्नुभयो ।

सभाध्यक्ष श्री रमण नेपालज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सञ्चालक समितिको तर्फबाट मन्तव्य प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको मन्तव्य यस प्रकार छ :

"आर्थिक वर्ष २०८१/८२ लक्ष्मी सन्राइज बैंकको लागि सन्तोषप्रद नै रह्यो । मर्जरपश्चात शाखा समायोजन र कर्मचारी व्यवस्थापन सम्पन्न भई सञ्चालन प्रभावकारिता हासिल हुन सकेका कारण बैंकको आकार अनुसारको वित्तीय प्रदर्शन गर्न सफल रह्यो । यस अवधिमा कर्जा र निक्षेप दुवैमा सन्तोषजनक वृद्वि भई अघिल्लो वर्षको तुलनामा मुनाफामा वृद्वि हासिल गर्न सफल भएको छ ।

बैंकले आफ्ना शाखा तथा एक्सटेन्सन काउन्टरका साथसाथै कार्ड, मोबाइल बैंकिंग लगायत डिजिटल बैंकिंग मार्फत देशभर तथा विदेशमा रहनुभएका ग्राहकहरुका लागि विविध किसिमका कर्जा, निक्षेप र बैंकिंग सेवाहरु सञ्चालन गर्दै आइरहेको छ ।

बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम उच्च प्राथमिकताका साथ विपन्न वर्ग कर्जा तथा तोकिएको क्षेत्रमा कर्जा प्रवाह गरेको छ । बैंकले सहायक कम्पनी लगायत अन्य संस्थाहरुमा गरेको लगानीबाट सन्तोषजनक लाभ प्राप्त गरेको छ ।

आफ्नो सेवा प्रदायलाई अझ आधुनिक बनाउन बैंकले नवीनतम अवधारणालाई आत्मसाथ गर्दै लगेको छ भने बाह्य सेवाका साथसाथै आन्तरिक सञ्चालन प्रणालीमा समेत सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्दै आएको छ ।

कारोबारभन्दा ग्राहकसँगको दिगो सम्बन्धलाई उच्च प्राथमिकता दिँदै बैंकले ग्राहक संरक्षण तथा सन्तुष्टिका लागि ध्यान दिँदै आएको छ । कर्मचारीको क्षमता तथा मनोबल वृद्धिका लागि बैंकले विभिन्न प्रशिक्षण लगायतका कार्यक्रमहरु सञ्चालन गरेको छ । साथै बैंकले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता, वातावरण संरक्षण, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा सामाजिक कार्यहरु सञ्चालन गरेको छ ।

गत आर्थिक वर्षमा बैंकको काम कारवाहीको विवरण तथा भविष्यमा अवलम्बन गरिने योजनाहरु उल्लेख गरिएको सञ्चालक समितिको विस्तृत प्रतिवेदन पच्चिसौं वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ । सो प्रतिवेदन आदरणीय शेयरधनी महानुभावहरुबाट पारित हुने विश्वास राखेका छौं ।

बैंकको सञ्चालक समितिले आ.व. २०८१/८२ सम्मको सञ्चित मुनाफाबाट हाल कायम पूँजीको १० प्रतिशत बराबर बोनस शेयर तथा सोवापत लाग्ने कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । सो प्रस्ताव यस साधारण सभाबाट पारित हुने विश्वास गरेका छौं ।

देशकै ठूला वाणिज्य बैंकमध्येको एकका रुपमा स्थापित भएको हाम्रो बैंकको बलियो पूँजीगत आधार र सञ्चालन क्षमता को बलमा संस्थागत सुशासन, चुस्त जोखिम व्यवस्थापन तथा जिम्मेवारी पूर्ण बैंकिगको माध्यमबाट चुनौतिपूर्ण आर्थिक परिदृश्यको सामना गर्न हामी तयार छौं । सम्पूर्ण सरोकारवालाको वृहत्तर हितलाई ध्यानमा राखी हामी दिगो विकासको माध्यमबाट राष्ट्रको आर्थिक उन्नतिको अभियानमा सहभागी भइरहने छौं ।

यसका लागि सहयोग, सद्भाव, अमूल्य सुझाव तथा मार्गदर्शन प्रदान गर्नु हुने सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा लाभग्राही एवं समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्दछौं । साथै बैंकलाई यस उचाईमा पुऱ्याउन अथक परिश्रम गर्ने व्यवस्थापन तथा कर्मचारीहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दछौं ।"

७. सञ्चालक समितिको प्रतिवेदन तथा वित्तीय विवरण माथिको छलफल :

तत्पश्चात कम्पनी सचिवले सभा समक्ष सामान्य प्रस्ताव (१) बमोजिम सञ्चालक समितिको प्रतिवेदन तथा सामान्य प्रस्ताव (२) बमोजिम लेखापरिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) मा सल्लाह, सुझाव तथा जिज्ञासाहरु भए प्रस्तुत गर्न शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नु भयो ।

छलफलका क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु प्रस्तुत गर्नु भयो ।

१	श्री जगन्नाथ आचार्य	२	श्री उत्तम दत्त पाण्डे
३	श्री सुदिप श्रेष्ठ	४	श्री भेषराज भण्डारी
५	श्री भक्ति प्रसाद उप्रेती	६	श्री व्यास कुमार शर्मा
७	श्री ब्रम्हदेव शाक्य	८	श्री चन्द्र नारायण श्रेष्ठ
९	श्री उद्बव प्रसाद घिमिरे	१०	श्री गुणराज भट्ट
११	श्री बैजुनाथ रौनियार	१२	श्री निरुपमा गुप्ता
१३	श्री विरोचन श्रेष्ठ	१४	श्री डमरु बल्लभ घिमिरे
१५	श्री युगल बसेल	१६	श्री रोजकुमार श्रेष्ठ

१७	श्री अनिल कुमार जोशी		१८	श्री लवराज जोशी
१९	श्री ध्रुवराज न्यौपाने		२०	श्री महेन्द्र ब. श्रेष्ठ
२१	श्री उत्सव सुन्दर श्रेष्ठ		२२	श्री जीवन लाल बज्राचार्य
२३	श्री गोविन्द बास्तोला		२४	श्री सुरेन्द्र चिमौरिया (लिखित सुझाव प्राप्त)
२५	श्री नरसिंह लाल चँखु (लिखित सुझाव प्राप्त)		२६	श्री लक्ष्मण ब. श्रेष्ठ (लिखित सुझाव प्राप्त)

छलफलमा सहभागी शेयरधनी महानुभावहरुले निम्न बमोजिम राय, जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो :

१. बैंकको सम्पूर्ण वित्तीय परिसूचकहरु तथा समग्र वित्तीय अवस्थाको वृद्धि सकारात्मक छन् । यो वृद्धिलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्‍यो । बैंकको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना ।

२. हालको परिस्थितिमा दोहोरो अंकमा १० प्रतिशत बोनस शेयर प्रदान गर्नु स्वागतयोग्य छ । आगामी वर्ष अझ उत्कृष्ट प्रतिफलको अपेक्षा गरेका छौ । साथै बैंकको पूँजी पर्याप्तता तथा भविष्यको रणनीति हेरी क्षमता अनुसार नगद लाभांश प्रदान गरियोस् ।

३. मर्जरपछाडि बैंक Synergy हासिल गर्न तर्फ लागेको देखिएको छ । अबको ध्यान बढेको आकारको उपयोग गरी बैंकलाई दिगो रुपमा बलियो र मूनाफामूलक बनाउन तर्फ रहोस् ।

४. बैंकले सस्थागत सुशासन तर्फ अपनाएको नीति सराहनीय छ । यसलाई निरन्तरता दिई अझै सुदृढ बनाउदैं लैजानुपर्‍यो ।

५. वार्षिक लेखापरिक्षण सकेसम्म चाँडो सम्पन्न गरी समयमै साधारण सभा गर्न तर्फ ध्यान दिनुपर्‍यो ।

६. शेयरधनीहरुसँग नियमित संवाद बढाउने तथा शेयरधनी मैत्री नीति तर्जुमा गरी अवलम्बन गर्नुपर्‍यो । शेयरधनीलाई SMS मार्फत समेत साधारण सभाको सूचना पठाइयोस् ।

७. Interest Rate Spread घट्दै गएको देखिन्छ । यसको असर खुद ब्याज आम्दानीमा पनि देखिएको छ । यसलाई बढाउँदै लैजाने तर्फ आवश्यक पहल गरियोस् ।

८. खर्चमा मितव्ययिता अपनाउँदै मुनाफा बढाउने तर्फ बैंकको नीति हुनुपर्‍यो । कुल आयमा सञ्चालन खर्चको अंशलाई मापनको रुपमा लिँदै खर्च नियन्त्रण तर्फ आवश्यक कदम चालियोस् ।

९. बैंकको सञ्चालक समिति खर्च तुलनात्मक रुपमा कम नै देखिन्छ । यसलाई सराहनामूलक मान्नु पर्छ ।

१०. खुद ब्याज आम्दानीमा कमी आएपनि गैर ब्याज आम्दानीको वृद्धि उत्साहजनक छ । यसलाई निरन्तरता दिनुपर्‍यो । साथै बैंकको इक्विटि लगानीलाई सुक्ष्म निगरानी गरी बजार अनुसार Profit Book गर्ने कार्य जारी राख्नुपर्‍यो ।

११. निष्कृय कर्जा अघिल्लो वर्षभन्दा केही घटेपनि उच्च विन्दुमै रहेको छ । यसलाई नियन्त्रण गर्ने तथा अपलेखन गरिएका कर्जा असुली गर्ने तर्फ ध्यान दिनुपर्‍यो । यसका लागि Recovery Functions लाई थप सुदृढ र प्रभावकारी बनाउँदै लैजानुपर्‍यो ।

१२. गैर बैकिंग सम्पत्ति बढ्दै गएको देखिन्छ । यसलाई छिटो निसर्ग गरी लाभांश क्षमता बढाउने तर्फ ध्यान दिनुपर्‍यो ।

१३. तिर्न बाँकी लाभांशको रकम ठूलो देखिन्छ । चाँडै नै सम्बन्धित शेयरधनीको पहिचान गरी यो रकम फर्छ्यौट गरियोस् ।

१४. बैंकले सहुलियत कर्जा, विपन्न वर्ग कर्जाहरु प्रदान गर्नु सराहनीय छ । यसलाई थप पिछडिएका समुदायहरुले लाभान्वित हुने गरी तथा रोजगारीको सिर्जना हुनेगरी विस्तार गर्नुपर्‍यो ।

१५. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चालन गरिएका कार्यक्रमहरु सराहनीय छन् । यी कार्यक्रमहरुलाई विपन्न, गरिब तथा अशक्त वर्गको शिक्षा र स्वास्थ्यका साथसाथै आन्दोलनबाट क्षतिगस्त संरचनाको पुननिर्माण तथा घाइतेहरुको उपचार लगायतका क्षेत्रमा पुग्ने गरी थप प्रभावकारी बनाइयोस् ।

१६. सहायक कम्पनीहरुको अवस्था राम्रो देखिन्छ । यी कम्पनीहरुलाई अझै बलियो बनाउँदै लैजानेतर्फ ध्यान दिनुपर्‍यो ।

१७. बैंकको शाखाहरुबाट प्रदान गरिने सेवालाई चुस्त दुरुस्त तथा ग्राहकमैत्री बनाउनका लागि कर्मचारी तालिमलगायतका कार्यक्रमहरु बढाइयोस् ।

१८. बैंकको कार्य सञ्चालनमा Artificial Intelligence (AI) को प्रयोगको बारेमा अध्ययन गरी लागू गरियोस् ।

१९. डिजिटल बैंकिंगको प्रयोग बढ्दै गइरहेको सन्दर्भमा सर्वसाधारणमाझ Digital Literacy बढाउँदै यसको दायरा फराकिलो बनाउँदै लैजानुपर्‍यो ।

२०. आर्थिक, वित्तीय क्षेत्र तथा बजारसम्बन्धी अध्ययन तथा अनुसन्धानका लागि Research and Development इकाई गठन गर्नुपर्‍यो ।

२१. बैंकले विभिन्न स्थानहरुमा आफ्नै भवन निर्माण सुरु गर्नु स्वागतयोग्य छ । थप शहरहरुमा समेत भवन खरिद वा निर्माण गर्ने कार्य सुचारु राखियोस् ।

२२. चालु आर्थिक वर्षको प्रथम त्रयमासको बैंकको अपरिष्कृत वित्तीय विवरण हेर्दा त्यति उत्साहजनक देखिँदैन । निष्कृय कर्जा र कर्जा नोक्सान व्यवस्था बढेको हुँदा यसलाई सुधार गरी चालु आर्थिक वर्षको मुनाफा सुधार गर्ने तर्फ आवश्यक पहल गरियोस् ।

८. प्रमुख कार्यकारी अधिकृतज्यूको प्रतिक्रिया

शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको राय, सुझाव तथा जिज्ञासाबारेमा प्रमुख कार्यकारी अधिकृतज्यूले देहाय वमोजिम प्रतिक्रिया दिनु भयो :

“बैंकको वित्तीय विवरण तथा वार्षिक प्रतिवेदनप्रति आदरणीय शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको सल्लाह, सुझाव तथा रचनात्मक प्रतिक्रियाका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यहाँहरुबाट प्राप्त उपयुक्त सल्लाह तथा सुझावहरुलाई मनन गर्दै व्यवहारिक रुपमा सम्भव भएसम्म लागू गर्ने प्रतिबद्धता गर्दछु ।

गत आर्थिक वर्ष हाम्रो लागि रणनैतिक रुपमा व्यवसाय वृद्दिको वर्षको रुपमा रह्यो । दुई ठुला बैकको मर्जरपछि बढेको आकार र क्षमताको बलमा वासलातको सुदृढीकरण, जोखिम व्यवस्थापन, खर्चमा मितव्ययिता तथा दैनिक कृयाकलापमा चुस्तता ल्याउने तर्फ हाम्रो प्रयास रह्यो । यसको परिणाम बैकको वित्तीय विवरण तथा सचालनमा समेत प्रतिविम्बित भएको छ ।

आगामी दिनमा sustainable growth का साथै दीर्घकालिन मुनाफालाई प्राथमिकतामा राख्दै Human Resources तथा Technology को विकासमा लगानी बढाउँदै लैजाने बैकको योजना रहने छ । यो सँगसँगै चुनौतिपूर्ण सञ्चालनको वातावरणका बीच ग्राहकहरुको बदलिँदो आवश्यकतालाई पुरा गर्न बैंकलाई तयार गर्दै लैजानुपर्ने समेत हामीले मनन गरेका छौ ।

जोखिम व्यवस्थापन, International Best Practices को अवलम्वन तथा Regulatory Compliance प्रति यस बैकको प्रतिवद्ता सदैव रहने नै छ ।

शेयरधनीज्युहरु, ग्राहकमहानुभावहरु लगायत सबै सरोकारवालाहरुको हितलाई ध्यानमा राख्दै प्रभावकारी कार्य सञ्चालन र उत्कृष्ट ग्राहक अनुभव दिनु हाम्रो प्रमुख प्राथमिकता रहिरहनेछ ।

यहाँहरुको निरन्तर सहयोग तथा मार्गदर्शनकै कारण हामी देशभर तथा विदेशमा समेत रहेका नेपालीहरु, समुदाय तथा व्यवसायहरुका लागि विश्वासिलो एव सम्मानित बैक बन्ने लक्ष्यमा सँगसँगै अघि बढेका छौ भविष्यमा पनि निरन्तर सहयोग र सद्भावको अपेक्षा गर्दै मेरो मन्तव्य यही टुग्याउँछु ।”

९. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः

(क) सामान्य प्रस्तावः

(१) पच्चिसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने :

सभाध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको पच्चिसौं वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने :

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु (सहायक कम्पनी समेत) छलफल गरी स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(३) बैकको लेखा परीक्षण समितिको सिफारिश वमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने :

लेखा परीक्षण समितिबाट प्राप्त सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/०८३ को वित्तीय विवरणको लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कर लेखापरीक्षण, कम्पनी ऐनको दफा ७८ अनुसारको विवरण तथा संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण समेत गर्नको लागि बहालवाला लेखापरीक्षक श्री NBSM & Associates लाई कूल रु ४३ लाख (मूल्य अभिवृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

(४) बैकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.५३ प्रतिशतका दरले रु १२,८१,३९,५३८.०० (अक्षरेपि रु. बाह्र करोड एकासी लाख उनान्चालीस हजार पाँच सय अठ्तीस मात्र) बराबर नगद लाभाश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने :

बैकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ०.५३ प्रतिशतका दरले रु १२,८१,३९,५३८.०० (अक्षरेपि रु. बाह्र करोड एकासी लाख उनान्चालीस हजार पाँच सय अठ्तीस मात्र) बराबर नगद लाभाश (बोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(ख) विशेष प्रस्ताव

(१) बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले रु २,४३,४६,५१,२२३.०० (अक्षरेपि रु. दुई अर्ब त्रिचालिस करोड छयालिस लाख एकाउन्न हजार दुई सय तेइस मात्र) बराबरको बोनस शेयर जारी गर्ने :

बैंकको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैकको हालको चुक्ता पूँजीको १० प्रतिशतका दरले रु २,४३,४६,५१,२२३.०० (अक्षरेपि रु. दुई अर्ब त्रिचालीस करोड छयालीस लाख एकाउन्न हजार दुई सय तेइस मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

(२) उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म अधिकृत, जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने :

उल्लिखित बोनस शेयर जारी गर्नका लागि आवश्यक हदसम्म अधिकृत, जारी तथा चुक्ता पुँजी वृद्धि गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

(३) बैंकको सञ्चालक समितिको संरचना हेरफेर गर्ने :

बैंकको सञ्चालक समितिमा हाल सस्थापक शेयरधनीको तर्फबाट २, सर्वसाधारण शेयरधनीको तर्फबाट २ र १ स्वतन्त्र सञ्चालक गरी ५ जना सञ्चालक रहने प्रावधान रहेकोमा संस्थापक शेयरधनीबाट प्रतिनिधित्व गर्ने सञ्चालकको सख्या थप गरी ३ पुऱ्याउने र बाँकी यथावत राखी कूल सञ्चालक सख्या ६ पुऱ्याउने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

उक्त निर्णय नियामक निकायको स्वीकृति तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख पश्चात रिक्त स्थानमा सञ्चालक समितिले एक जना सञ्चालक नियुक्त गर्ने तथा सोको अनुमोदन आगामी साधारण सभाबाट गरिने र यसरी नियुक्त हुने सञ्चालकको पदावधि हाल बहाल संस्थापक शेयरधनीको पदावधि सँगै समाप्त हुने व्यहोरा समेत सभालाई जानकारी गराइयो ।

(४) बुँदा न. (१), (२) र (३) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि बैकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र प्रस्तावित सशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक ससोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने :

उल्लिखित विशेष प्रस्ताव न. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको अधिकृत पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (१) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

> "यस बैंकको अधिकृत पूँजी रु २७,००,००,००,०००/- (अक्षरेपी सत्ताइस अर्ब) हुनेछ सो पुँजीलाई प्रति शेयर रु. १००/-(एक सय रुपैया) का दरका २७,००,००,०००/- (सत्ताइस करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

उल्लिखित विशेष प्रस्ताव न. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको जारी पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (२) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

"बैंकले तत्काल जारी गर्ने शेयर पुंजी रु. २६,७८,११,६३,४५८/- (अक्षरेपी छब्बीस अर्ब अठहत्तर करोड एघार लाख त्रिसट्ठी हजार चार सय अन्ठाउन्न मात्र) हुनेछ सो पुँजीलाई प्रति शेयर रु. १००/- का दरले २६,७८,११,६३४५८ (अक्षरेपी छब्बीस करोड अठहत्तर लाख एघार हजार छ सय चौंतीस दशमलब अन्ठाउन्न मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ।"

उल्लिखित विशेष प्रस्ताव न. १ बमोजिम बोनस शेयर जारी गर्नको लागि बैंकको चुक्ता पूँजी वृद्धि गर्न **प्रबन्धपत्रपत्रको दफा ५ को उपदफा** (३) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

"बैंकको तत्काल चुक्ता रु. २६,७८,११,६३,४५८/- (अक्षरेपी छब्बिस अर्ब अठहत्तर करोड एघार लाख त्रिसट्ठी हजार चार सय अन्ठाउन्न मात्र) हुनेछ।"

उल्लिखित विशेष प्रस्ताव न. ३ बमोजिम सञ्चालक समितिको सरचना हेरफेर गर्न बैंकका **नियमावलीको नियम ८**(२) र **नियम ११**(२) मा साविकको व्यवस्था हटाई निम्न बमोजिमको व्यवस्था गर्ने सर्वसम्मतबाट निर्णय गरियो :

नियम ८(२)
"यस बैंकमा कम्तीमा एक महिलासहित ६ जनाको सञ्चालक समिति हुनेछ।"

नियम ११(२)
"सञ्चालक समितिको गठन र समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :
(क) "क" समूहको सस्थापक शेयरधनीहरु मध्येबाट आपसी समझदारीमा मनोनित वा निर्वाचित ३ (तीन) जना।
(ख) "ग" समूहका सार्वजनिक रुपमा विक्री गरिने शेयर खरिद गर्ने शेयरधनीहरुबाट निर्वाचित २ (दुई) जना।
(ग) यस नियमावलीको नियम १६ मा उल्लेख भए बमोजिम समितिले नियुक्त गरेको स्वतन्त्र सञ्चालक १ (एक) जना।"

प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न बैंकको सञ्चालक समिति (वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारी) लाई अख्तियारी दिने समेत सर्वसम्मतबाट निर्णय गरियो।

(घ) **विविध**

बैकका आधारभूत शेयरधनी रहनुभएका श्री राजेन्द्र कुमार खेतान यस आर्थिक वर्षबाट फोनपे नेपाल लिमिटेडको पनि आधारभूत शेयरधनी कायम हुनुभएको र बैक र फोनपे नेपाल लिमिटेडबीच मोबाइल बैकिंगसम्बन्धी सेवाका लागि सम्पन्न सम्झौता बमोजिम कारोबार गर्नुपर्ने भएको हुँदा सो सम्झौता तथा बैकको नियमित बैकिंग सेवाका लागि भविष्यमा सम्पन्न हुने अन्य सम्झौता बमोजिमको समेत कारोबार गर्न कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम स्वीकृत गर्ने प्रस्ताव प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो।

विविध तर्फ अन्य कुनै पनि प्रस्ताव नरहेकाले सभा समापनको घोषणा गरिदिनुहुन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

११.	**धन्यवाद ज्ञापनः**

अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, पत्रकारहरु, बैकका कर्मचारीहरु तथा अन्य संघ संस्थाबाट पाल्नुभएका पदाधिकारीहरुज्यूहरु एव साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नुभयो ।

पियूष राज अर्याल
कम्पनी सचिव

रमण नेपाल
अध्यक्ष

मितिः २०८२/०९/१४